"जलश्रोत, पर्यटन र जडिबुटीले समुन्नत बिगु गाउँपालिका"

# बिगु गाउँपालिका
# Bigu Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of the Rural Municipal Executive

लादुक, दोलखा
Laduk, Dolakha
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्या/Ref. No:- २०७९/०८०
चलानी नं./Dispatch No:

मिति/Date:-२०७९।०४।०४

## सामाजिक सुरक्षा परिचय-पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा परिचय पत्र अनिवार्य रुपमा श्रावन १ देखि कार्तिक मसान्तसम्ममा नवीकरण गर्नु गराउनु पर्ने व्यवस्था रहेको भएता पनि **त्रैमासिक रुपमा भत्ता वितरण हुने भएको हुँदा** यस गाउँपालिकाका ८ वटै वडाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई **तोकिएको ढाँचामा निवेदन दिई मिति २०७९ श्रावन १ देखी २०७९ असोज १५ सम्म** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नु गराउनुहुन सूचित गरिन्छ । साथै तोकिएको समयसम्म नवीकरण नगराएमा लाभग्राही सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न आ.व. २०७९/०८० बाट बञ्चित रहने बेहोरा समेत जानकारी गराईन्छ ।

बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिहरुको हकमा निजको आमा, बुबा, संरक्षक माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु /स्थानीय पञ्जिकाधिकारीले सङ्कलन गर्नुपर्ने कागजातहरु :**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
- सम्बन्धित लाभग्राहीको एक प्रति हालसालै खिचेको फोटो ।
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि तथा बुबा आमाको नागरिकता प्रमाणपत्र प्रतिलिपि।
- सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपिर अर्को विवाह नगरेको प्रमाण पत्रको (सिफारीस) प्रतिलिपि ।
- विधुवा महिलाको हकमा आफ्नो नागरिकता प्रमाण पत्रको प्रतिलिपि तथा पतिको मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण पत्र (सिफारीस) को प्रतिलिपि।
- अपाङ्गता भएका व्यक्तिको हकमा साविकको महिला तथा बालबालिका कार्यालय/गाउँपालिका बाट प्राप्त अपाङ्गता परिचय पत्रको प्रतिलिपि तथा नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

*पुनश्चः (१) सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयबाट प्राप्त गर्न सकिने ।*

२०७९।४।४

............................
शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत